# मेलुङ राजपत्र

मेलुङ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७) भेड्पु, दोलखा, बागमती प्रदेश, नेपाल, माघ १९ गते, २०८० (सङ्ख्या २५


## भाग २

## उपाध्यक्षसँग प्रतिनिधीमूलक सुत्केरी भेटघाट कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावनाः** मेलुङ गाउँपालिका भित्रका सुत्केरी आमा तथा नवजात शिशुको गुणस्तरीय स्वास्थ्यको लागि मातृ तथा शिशु स्वास्थ्य पोषण स्थितिमा सुधार ल्याउन सुत्केरी भेटघाट प्रवर्द्धन गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (झ) तथा प्रशासकीय कार्यविधि नियमित गर्ने ऐनको दफा ३ बमोजिम कार्यपालिकाले उपाध्यक्षसँग प्रतिनिधीमूलक सुत्केरी भेटघाट कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वीकृत गरेको छ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस कार्यविधिको नाम उपाध्यक्षसँग प्रतिनिधीमूलक सुत्केरी भेटघाट कार्यक्रम सञ्चालन कार्यविधि, २०८० रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका" भन्नाले मेलुङ गाउँपालिकालाई सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले मेलुङ गाउँकार्यपालिका सम्झनु पर्दछ।

(ग) "अध्यक्ष" भन्नाले गाउँपालिका अध्यक्ष सम्झनु पर्दछ।

(घ) "उपाध्यक्ष" भन्नाले गाउँपालिका उपाध्यक्ष सम्झनु पर्दछ।

(ङ) " प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(च) "वडा" भन्नाले मेलुङ गाउँपालिकाको वडालाई सम्झनु पर्दछ।

(छ) "वडा अध्यक्ष" भन्नाले मेलुङ गाउँपालिकाको वडाको अध्यक्ष सम्झनु पर्दछ।

(ज) "मातृ शिशु स्याहार" भन्नाले गाउँपालिका भित्र रहेका लक्षित गर्भवती तथा सुत्केरी महिला र नवजात शिशुको स्याहार संरक्षण र सहयोग व्यवस्थापनलाई सम्झनु पर्दछ।

(झ) "लक्षित वर्ग" भन्नाले गरिब, विपन्न, दलित, असहाय, बेसाहरा, न्यून आय भएका गर्भवती तथा सुत्केरी महिलालाई सम्झनु पर्दछ।

(ञ) "लक्षित वर्ग व्यक्ति" भन्नाले मेलुङ गाउँपालिकामा स्थायी वा अस्थायी बसोबास गरेका गर्भवती तथा नीजबाट जन्मेका सुत्केरी आमा तथा शिशु दुवैलाई सम्झनु पर्दछ।

(ट) "स्वास्थ्य संस्था" भन्नाले अस्पताल, प्राथमिक स्वास्थ केन्द्र, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाईलाई सम्झनु पर्दछ।

(ठ) "खर्चको मापदण्ड तथा नर्म्स" भन्नाले दफा ३ अन्तर्गत अनुसूची -१ मा भएको खर्च नर्म्सलाई जनाउँदछ।

(ड) "कार्यक्रम योजना" भन्नाले मातृ-शिशु (सुत्केरी) भेटघाट कार्यक्रमलाई सम्झनु पर्दछ।

(ढ) "कार्यक्रम अवधि" भन्नाले कार्यक्रम लागु हुने आर्थिक वर्षलाई सम्झनु पर्दछ।

(ण) "जिम्मेवारी स्वास्थ्यकर्मी" भन्नाले कार्यक्रम कार्यान्वयन गर्नको लागि तोकिएको कर्मचारी तथा स्वास्थ्य कर्मचारीलाई सम्झनु पर्दछ।

(त) "कोसेली" भन्नाले सुत्केरी हुनु भन्दा अगाडी वा भईसकेपछि सुत्केरी आमा तथा शिशुको पोषण स्थितिमा सुधार ल्याउन वा बढाउन उपहारको रुपमा दिइने खाद्य सामाग्री, जिन्सी वा नगद समेतलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## कार्यक्रमको उद्देश्य

**३. मातृ-शिशु (सुत्केरी) भेटघाट कार्यक्रमका उद्देश्य देहाय बमोजिम रहेका छन्:-**

(१) महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहित गराउनु;

(२) महिलाहरुलाई स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गराई आमा तथा शिशुको स्वास्थ्य स्थितिको बारेमा जानकारी प्राप्त गर्नु;

(३) सुरक्षित मातृत्वको सुनिश्चितता प्रदान गर्नु;

(४) पोषणयूक्त खानाको विषयमा जनचेतना अभिवृद्धि गर्नु;

(५) मातृ मृत्यूदर तथा बाल मृत्यूदर घटाउनु।

## परिच्छेद-३

## कोसेली सम्बन्धी व्यवस्था

**४. कोसेली वितरण सम्बन्धी प्रकृया :**

(१) स्वास्थ्य शाखा मार्फत तथ्याङ्क सङ्कलन गरी दफा (८) बमोजिमको समितिमा पेस गर्ने।

(२) समितिको बैठकबाट लाभग्राही छनौट गर्ने।

(३) उपाध्यक्षको नेतृत्वमा जनप्रतिनिधि, स्वास्थ्य शाखा समेतको सहभागितामा लाभग्राहीको घरघरमा पुगि कोसेली हस्तान्तरण गर्ने।

**५. कोसेली सम्बन्धी व्यवस्थाः**

(१) उपाध्यक्षसँग महिला कार्यक्रम अन्तर्गत वितरण गरिने कोसेली जिन्सी वा नगदमा उपलब्ध गराइनेछ।

(२) कोसेली सुत्केरी आमा तथा नवजात शिशुको पोषण स्थिति सुधारको लागि रु.३५००/- (अक्षरेपी तीन हजार पाँच सय रुपैंया मात्र) मा नबढ्ने गरी उपलब्ध गराइने छ।

(३) कोसेलीमा पोषण स्वास्थ्य सुधार हुने खालका खाद्य सामाग्रीहरु जस्तैः चामल, अण्डा, घिउ जस्ता वस्तु प्याकेजको रुपमा वितरण गरिनेछ। यसरी वितरण हुदाँ पहिलो पटकको लागि एक आर्थिक वर्ष भित्रका लाभग्राहीको लागि आ.व.को अन्तिममा एक कार्यक्रम मार्फत उपलब्ध गराइने व्यवस्था मिलाइनेछ।

**६. कोसेली प्राप्त गर्दा पेस गर्नुपर्ने कागजातः**

(१) सुत्केरी महिलाको निवेदन,

(२) स्वास्थ्य संस्थाले प्रदान गरेको नवजात शिशुको जन्म प्रमाणपत्र,

(३) वडा कार्यालयको सिफारिस,

(४) नियमित गर्भजाँच गरेको संस्थाको प्रमाण,

**७. अभिलेख व्यवस्थापनः**

(१) स्वास्थ्य शाखाले सुत्केरी तथा नवजात शिशुको विवरण अध्यावधिक गरी राख्नु पर्नेछ।

(२) कार्यक्रमको प्रगति कार्यपालिका बैठकमा नियमित रुपमा पेस गर्नुपर्नेछ।

## परिच्छेद-४

## विविध

**८. लाभग्राही छनौट समिति सम्बन्धी व्यवस्थाः**

(१) मातृ शिशु (सुत्केरी) भेटघाट कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको लाभग्राही छनौट समिति गठन हुनेछः-

(क) गाउँपालिका उपाध्यक्ष - संयोजक

(ख) सामाजिक विकास समितिका संयोजक - सदस्य

(ग) कार्यपालिका सदस्य मध्येबाट एकजना (महिला) - सदस्य

(घ) सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

**९. बाधा अड्काउ फुकाउने :**

(१) यो कार्यविधि कार्यान्वयनमा बाधा अड्काउ आईपरेमा कार्यपालिकाबाट बाधा अड्काउ फुकाउन सकिने छ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या देखिएमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन संशोधन गर्न सकिनेछ।

आज्ञाले
सन्जय शिवाकोटी
प्रमुख प्रशासकीय अधिकृत